जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक १३९ २०८१ साल पुस १४ गते आइतबार (29 Dec. 2024 Sunday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : कानुन संशोधनमा ढिलाइ हुँदा. ३ पृष्ठमा : किसानलाई कुनै मौसममा.. ३ पृष्ठमा : भारतीय पूर्व प्रधानमन्त्री सिंहको..

## राजविराजमा रथ यात्रामा जनसागर



**दैनिक समाचारदाता**
**राजविराज, १३ पुस ।**

राजविराजमा शनिबार भगवान जगन्नाथको भव्य रथयात्रा निकालिएको छ । हजारौंको सहभागितामा स्थानीय श्री लक्ष्मी नारायण राधाकृष्ण मन्दिरबाट भगवान जगन्नाथको रथयात्रा निकालिएको हो ।

रथयात्रामा मधेश प्रदेशका मुख्यमन्त्री सशितकुमार सिंह, प्रदेश सांसद महेश यादव, जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साह, राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविन, तिलाठी कोइलाडी गाउँपालिकाका प्रमुख अरुण मण्डलका साथै विभिन्न पालिकाका प्रमुख, उपप्रमुख, युवायुवती, बृद्धबृद्धा गरि २० हजारको हाराहारीमा भक्तजन सहभागि भए ।

नरिवल फुटाएर रथयात्राको शुभारम्भ गरेका मुख्यमन्त्री सिंहले बहुधार्मिक, बहुसांस्कृतीक र बहुभाषिक नेपाली समाजको विशेषता रहेको बताए । यस्ता धार्मिक आयोजनाले धर्मप्रति आस्था बढाउनुका साथै धार्मिक र आपसी सद्भाव बढाउने काम समेत गर्ने उनको भनाई थियो ।

श्री लक्ष्मी नारायण राधाकृष्ण मन्दिरको समन्वय तथा कृष्णभक्त मण्डल एवं इस्कान राजविराजको संयुक्त आयोजनामा विगत तीन वर्षदेखी सुरु भएको रथयात्रा महोत्सवको रुपमा मनाउन थालिएको आयोजक समितिका हितेश यादवको भनाई छ । भगवान जगन्नाथ, बलदेव र सुभद्राको मूर्ती राखेर तेश्रो संस्करणको यात्रामा प्रयोग गरिएको रथको लम्बाई २२ फिट, चौडाई ११ फिट तथा उचाई १५ फिट रहेको उनले जानकारी दिए ।

यस्तै रथको अग्रभागबाट दायाँ र बाँया फैलिएका ७५ फिट लम्बाईको डोरी तान्न भक्तजनमा तछाडमछाड नै चल्यो । रथयात्रा नगर परिक्रमा पश्चात् पुनः सोही मन्दिरमै पुगेर समापन भएको छ । नगर परिक्रमाका क्रममा सहभागि भक्तजनद्वारा लगाइएको हरेरामा हरेकृष्णाको नाराले नगर गन्ज्यमान भएको थियो ।

रथयात्रामा सप्तरीका साथै सुनसरी, मोरङ, सिरहा, धनुषा तथा भारतको बृन्दावन, मायापुर, मथुरा, दरभंगा, मधुवनी लगायतका स्थानबाट समेत साधुसन्त र भक्तजन सहभागि हुन आएका थिए ।

प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले रथयात्रामा कुनै अप्रिय घटना हुन नदिन सुरक्षाका लागि ड्रोन क्यामराका साथै पोशाक र सादा पोशाकमा डेढ सय भन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको जानकारी दिए ।

## मधेशका पत्रकारहरूको स्वास्थ्य तथा दुर्घटना बीमा सुरू

**दैंनिक समाचारदाता**
**जनकपुर, १३ पुस ।**

मधेस प्रदेशका सबै क्रियाशील पत्रकारहरूको स्वास्थ्य तथा दुर्घटना बीमा सुरू भएको छ ।

राष्ट्रिय बीमा कम्पनीले शुक्रबार जनकपुरधाममा आयोजना गरेको कार्यक्रममा पत्रकारहरूको स्वास्थ्य तथा दुर्घटना बीमा गर्नेसम्बन्धी सम्झौतामा मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखी तथा राष्ट्रिय बीमा कम्पनीका व्यवस्थापक देवराज घिमिरेले हस्ताक्षर गरे ।

प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयमातहतको आमसञ्चार प्राधिकरणले मधेसमा रहेका सबै क्रियाशील पत्रकारहरूको रू एक लाखको स्वास्थ्य बीमा तथा रू सात लाखको दुर्घटना बीमा गर्ने कार्य सुरू गरेको हो ।

कार्यक्रममा मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री लेखीले मधेस प्रदेश सरकार सञ्चारमैत्री सरकार भएको उल्लेख गर्दै पत्रकारहरूको स्वास्थ्य तथा दुर्घटना बीमा निःशुल्क रूपमा गरेर प्रमाणित गरेको बताए ।

मन्त्री लेखीले पत्रकारहरूलाई लोककल्याणकारी विज्ञापन समानुपातिक रूपमा प्रदान गर्ने जानकारी दिदै निकट भविष्यमा नै मधेस प्रदेशका सबै सहिद परिवारलाई एक लाखको स्वास्थ्य बीमा निःशुल्क रूपमा गर्ने तयारी प्रदेश सरकारले गरेको उनले जानकारी दिए ।

आमसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले मधेस प्रदेशमा तीन वर्षदेखि निरन्तर रूपमा पत्रकारिता क्षेत्रमा क्रियाशील रहेका सबै पत्रकारहरूको रू एक लाखको स्वास्थ्य तथा रू सात लाखको दुर्घटना बीमा गर्ने बताए । उनले यसअघि महिलाहरूको स्वास्थ्य बीमा गर्दै आएको भए पनि यसपटक सात सय ३५ पत्रकारहरूको महासङ्घ तथा मिडियाको सिफारिसमा बीमा गर्ने जनाए ।

नेपाल पत्रकार महासङ्घ धनुषाका अध्यक्ष पुरन साहले पत्रकारहरूको स्वास्थ्य तथा सुरक्षाका लागि प्रदेश सरकारले सुरू गरेको स्वास्थ्य तथा दुर्घटना बीमा गर्ने नीति स्वागतयोग्य भएको बताउँदै यसको निरन्तरतामा ध्यान दिनका लागि आग्रह गरे ।

## तेह्र दिनमा पश्चिम नेपालमा सात वटा भूकम्पको पराकम्प

काठमाडौँ, १३ पुस (रासस) ।

यस महिना लागेपछि मात्रै पश्चिम नेपालमा सात वटा भूकम्प गएको छ । राष्ट्रिय भूकम्प मापन केन्द्रका अनुसार पुस महिना लागेपछि मात्रै पश्चिम नेपालमा भूकम्पको धक्का महसुस भएको छ ।

सोही क्रममा शुक्रबार राति ११ बजेर ३७ मिनेटमा कालिकोटको लाली आसपास केन्द्रबिन्दु बनाएर तीन दशमलव सात म्याग्निच्यूडको भूकम्प गएको छ ।

राष्ट्रिय भूकम्प मापन केन्द्रका अनुसार पुस २ गते बझाङको धामेना आसपास केन्द्रबिन्दु बनाएर चार दशमलव तीन, पुस ३ गते बझाङको धामेना मै चार दशमलव एक म्याग्निच्यूडको भूकम्प गएको थियो । यस्तै, पुस ४ गते मनाङको नेस्याङ केन्द्रबिन्दु भएर चार दशमलव सात म्याग्निच्यूडको भूकम्प गयो ।

पुस छ गते बाजुरामा पाँच दशमलव दुई म्याग्निच्यूडको भूकम्प जाँदा पुस नौ गते ९ बजेर २५ मिनेट जादा दार्चुलाको अपि हिमाल आसपास केन्द्रबिन्दु बनाएर चार म्याग्नेचुड र पुस ११ गते जाजरकोट नायकवाडा केन्द्रबिन्दु बनाएर चार दशमलव दुई म्याग्निच्यूडको भूकम्प गएको विभागले जनाएको छ । विभागका अनुसार, शुक्रबार ११ बजेर ३७ मिनेटमा कालिकोटको लाली आसपास केन्द्रबिन्दु बनाएर तीन दशमलव सात म्याग्निच्यूडको भूकम्प गएको हो ।

विभागका अनुसार, २०८० कात्तिक १७ गते जाजरकोटको रामीडाँडालाई केन्द्रबिन्दु बनाएर छ दशमलव चार म्याग्निच्यूडको भूकम्प गएको थियो । सो भूकम्पपछि मात्रै पश्चिम नेपालमा पाँच परकम्प गएको सम्वद्ध जानकारको भनाइ छ ।

## कार्यकक्षमै प्रहरी जवानले आफैंमाथि गोली चलाए

कञ्चनपुर, १३ पुस (रासस) ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा कार्यरत प्रहरी जवान अन्दाजी वर्ष २१ का चक्रप्रसाद न्यौपानेले शुक्रबार साँझ कार्यकक्षभित्रै आफैँमाथि पेस्तोलले टाउकोमा गोली प्रहार गरेका छन् । टाउकोमा गोली लागेका न्यौपानेको बाँकेको कोहलपुरस्थित मेडिकल कलेजमा उपचार भइरहेको छ ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक उमेश जोशीले न्यौपानेको स्वास्थ्य अवस्था मध्यम रहेको बताउनुभयो । "प्रबन्ध शाखामा गोली चलेको आवाज आयो, उनी एक्लै त्यहाँ थिए," जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक जोशीले भन्नुभयो, "न्यौपानेको टाउकोबाट रगत बगिरहेको थियो, घाइते अवस्थामा थिए ।" उहाँका अनुसार घाइते भएको जानकारी पाइएपछि उनलाई तत्काले उपचारका लागि महाकाली अस्पताल पुऱ्याइयो ।

त्यहाँ उपचार सम्भव नभएपछि कैलालीको धनगढी हुँदै बाँकेको कोहलपुर पुऱ्याइएको छ । न्यौपानेले के कति कारणले गोली चलाएका हुन् भन्नेबारे अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक जोशीको भनाइ रहेको छ ।

**कृषि उत्पादन बढाऔं**

- खेतबारी बाँझो नराखौं, उत्पादनमा जोड दिऔं,
- जैविक मल र जैविक विषादीको प्रयोगलाई बढावा दिऔं,
- स्थानीय बीउबिजन तथा रैथाने बालीको संरक्षण गरौं,
- प्राङ्गरिक वस्तुको उत्पादन र उपभोगमा जोड दिऔं,
- कृषि तथा पशुपन्छीपालन सम्वन्धी तालिम लिऔं,
- कृषि अनुदानको सही सदुपयोग गरौं,
- बाली तथा पशुपन्छीहरूमा समस्या देखिएमा स्थानीय तहका कृषि प्राविधिकहरूसंग सल्लाह सुझाव लिऔं,
- कृषि पेशाको सम्मान गरौं, कृषकलाई प्रोत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### खानपिनमा ध्यान दिऔं, निरोगि रहौं

खानपिनमा ख्याल राख्न सके पक्कै पनि हामी निरोगि रहन सक्छौं । अहिले हामीलाई खानपिनमा ध्यान दिन नसक्दा बिरामी पर्न थालेका छौं । हुन त सबै प्रकारको खाने बस्तुमा मिसवाट भइरहेको छ । बिरामी हुने कारण मध्ये यो पनि एक प्रमुख विषय हो । तर, हामीले आफै खानेकुरामा ध्यान राख्न सक्यौं भने यसे मानिसको शरीरलाई सन्तुलन र निरोगि राख्न सक्छ ।

जिल्लाका विभिन्न होटलहरुमा बासी तथा सडेगलेका खानेकुराहरु खुल्लेआम विक्रि भईरहेको छ । अधिकांश होटलहरुमा मिसावटयुक्त नास्ता र सडेगलेका बासी खानेकुराहरु विक्रि वितरण हुने गरेको छ । सर्वसाधारणहरुको स्वास्थ्यलाई सिधै हानि पुऱ्याउने खालका खानेकुराहरु विक्रि वितरण हुने गरेपनि त्यसलाई नियन्त्रण गर्नेतर्फ स्थानीय प्रहरी प्रशासन तथा सम्बन्धित निकायको ध्यान जान सकेको छैन । सर्वसाधारणको स्वास्थ्यमाथि खेलवाड गर्ने गरी खुल्लेआम मिसावटयुक्त तथा बासी र सडेगलेका खानेकुराहरु विक्रि वितरण गर्ने होटलहरुमा पटक पटक जिल्ला अनुगमन टोलीले पक्राउ गरेपनि कुनै ठोस आवश्यक कानुनी कार्बाही नगरेकै कारणले नगरमा यी बासी तथा सडेगलेका खानेकुराहरु विक्रि वितरण न्यूनिकरण हुनुको साटो झनै फष्टाउँदै गएको छ ।

हामी आफैं यस्ता खानेकुराप्रति ध्यान दिन सकेनौं भने बिरामी भई उपचारमै सम्पत्ति खर्च हुने तथा परिवारलाई दुःख हुने कुरा बिर्सनु हुन्न् । तसर्थ स्वास्थ्यलाई प्रत्यक्ष असर पार्ने खानेकुराहरु प्रति सम्बन्धित निकायले पनि नियमित रुपमा अनुगमन तथा कार्बाही प्रक्रिया अगाडी बढाउनुपर्नुका साथै मानिसहरु स्वास्थ्यप्रति आफै गम्भिर हुनु पनि त्यत्तिकै जरुरी देखिन्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# कानुन संशोधनमा ढिलाइ हुँदा 'बजेट क्यालेण्डर' बिग्रियो

**हेमन्त जोशी**
काठमाडौँ, १३ पुस (रासस) ।

कानुन संशोधनमा ढिलाइ हुँदा सङ्घीय सरकारको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माण कार्य प्रभावित भएको छ ।

सङ्घीय समपूरक तथा विशेष अनुदानसम्बन्धी कार्यविधि संशोधन हुन नसकेको भन्दै राष्ट्रिय योजना आयोगले ती शीर्षकमा प्रदेश र स्थानीय तहबाट योजना तथा कार्यक्रम माग्ने प्रक्रिया नै स्थगित गरेको छ । अर्कोतर्फ, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ संसद्मा अड्किँदा आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रिया कसरी अघि बढाउने भनेर अर्थ मन्त्रालयसमेत अलमलमा छ ।

सङ्घीय समपूरक तथा विशेष अनुदानसम्बन्धी विद्यमान कार्यविधिको व्यवस्थाअनुसार योजना आयोगले प्रत्येक वर्ष मङ्सिर मसान्तभित्र सूचना प्रकाशन गरी प्रदेश र स्थानीय तहबाट आगामी आवका लागि यी शीर्षकको अनुदानमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमको प्रस्ताव माग गरिसक्नुपर्छ । त्यस्तै, प्रदेश र स्थानीय तहले पुस मसान्तभित्रमा यस्तो अनुदान लिनका लागि आयोगमा प्रस्ताव पेस गरिसक्नुपर्ने हुन्छ । तर, गत कात्तिक ३० गते प्रधानमन्त्रीको अध्यक्षतामा बसेको राष्ट्रिय विकास समस्या समाधान समिति (एनडेक) को ५३ औं बैठकले समपूरक र विशेष अनुदानसम्बन्धी मौजुदा कार्यविधि संशोधन गर्ने निर्णय गरेपछि योजना आयोगले यी शीर्षकमा योजना तथा कार्यक्रमको प्रस्ताव माग्ने प्रक्रिया रोकेको हो । एनडेकले कार्यविधिको मस्यौदा तयार पारी तीन महिनाभित्र मन्त्रिपरिषद्मा पेस गर्न आयोगलाई निर्देशन दिएको थियो ।

समपूरक र विशेष अनुदानका योजना तथा कार्यक्रमको प्रस्ताव माग गर्न केही ढिलाइ हुने भए पनि नयाँ र परिस्कृत कार्यविधिअनुसार यो प्रक्रिया अघि बढ्ने राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रा डा शिवराज अधिकारीको भनाइ छ । "समपूरक र विशेष अनुदानसम्बन्धी कार्यविधिमा सुधार गरेर त्यसलाई समतामूलक बनाउन खोजेका हौं । आयोगबाट कार्यविधि संशोधन भएर मन्त्रिपरिषद्मा पठाउने प्रक्रियामा छ", उपाध्यक्ष अधिकारीले भन्नुभयो, "योजना प्रस्ताव माग गर्ने समय केहि ढिला हुने भए पनि विगतमा भन्दा परिस्कृत, समावेशी तथा समतामूलक ढङ्गले अनुदान बाँडफाँट हुनेछ । यी शीर्षकको अनुदान लिनका प्रस्ताव आह्वान गर्ने समय बढाइदिन्छौँ ।" स्थानीय तह एवं प्रदेशको वित्तीय क्षमताअनुसार समपुरक अनुदानमा लगानीको हिस्सा वित्तीय क्षमतामैत्री हुने गरी र सामाजिक-आर्थिक समता अभिवृद्धिमा योगदान दिने गरी समपूरक अनुदानसम्बन्धी कार्यविधि संशोधन गर्ने निर्णय एनडेक बैठकले गरेको थियो ।

त्यस्तै, विशेष अनुदानअन्तर्गत सञ्चालन भएका आयोजना/कार्यक्रमलाई सन्तुलित विकास गर्न, विभेदमा परेको वर्ग वा समुदायको उत्थान एवं विकासमा योगदान दिनेगरी मौजुदा कार्यविधिमा संशोधन गर्न लागिएको 'एनडेक' निर्णयमा उल्लेख छ । सरकारले हरेक वर्ष ल्याउने बजेटका सिद्धान्त एवं प्राथमिकता र नीति तथा कार्यक्रममाथि पर्याप्त छलफल हुन नसकेको र तारतम्यसमेत नमिलेको भन्दै सदनमा पटक-पटक कुरा उठ्ने गरेको थियो । 'बजेट क्यालेण्डर' नमिलेकोले यसलाई संशोधन गर्नुपर्ने विषय संसद्मा बारम्बार उठ्न थालेपछि गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेटको बुँदा नम्बर २९ मा 'आगामी आर्थिक वर्षदेखि मन्त्रालयगत बजेट सीमा निर्धारण भएपश्चात् फागुन मसान्तभित्र विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता सङ्घीय संसद्मा पेस गर्ने व्यवस्था मिलाइने' उल्लेख गरियो । बजेटको यही व्यवस्था कार्यान्वयनका लागि सरकारले गत वर्ष माघमा 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८०' जारी गऱ्यो ।

उक्त अध्यादेशले सरकारलाई बजेटका सिद्धान्त तथा प्राथमिकता फागुन १५ गतेभित्रै संसद्मा पेस गर्न बाटो खोल्यो भने बजेटको सीमा (सिलिङ) तोकिसक्ने साविकको समयसीमामा पनि संशोधन गरेको थियो । सोही अध्यादेशबाटै चालु आव २०८१/८२ को बजेटका सिद्धान्त प्राथमिकता, नीति तथा कार्यक्रम र बजेटसमेत ल्याइयो । तर उक्त अध्यादेश तोकिएको समयमा संसद्बाट पारित हुन सकेन र खारेज भयो ।

अध्यादेश खारेज भए पनि बजेट क्यालेण्डर संशोधन गर्नका लागि सरकारले गत साउन ३२ गते 'आर्थिक कार्यविधि तथा उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१' प्रतिनिधिसभामा दर्ता गरेको छ । तर आगामी आर्थिक वर्षको बजेट बनाउँदा विद्यमान ऐनको समय तालिका पछ्याउने वा गत वर्ष अध्यादेशमा राखिएको र अहिले संसद्मा विचाराधीन रहेको विधेयकको व्यवस्थाअनुसार जाने भन्नेमा अर्थ मन्त्रालय र योजना आयोग स्पष्ट हुन सकेको छैन ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन संशोधन प्रक्रिया र आगामी आर्थिक वर्षको बजेट निर्माणका लागि कस्तो क्यालेण्डर बनाएर अघि बढ्ने भनेर सरकार चनाखो रहेको योजना आयोगका उपाध्यक्ष अधिकारी बताउनुहुन्छ । तर कुन बजेट क्यालेण्डर पछ्याउने भन्ने विषयमा अझै स्पष्ट हुन नसकेको उहाँले स्वीकार्नुभयो ।

त्यस्तै, अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराई 'बजेट क्यालेण्डर' नबिग्रने दावी गर्नुहुन्छ । "विगतका वर्षमा जस्तै स्थापित समय तालिकाबमोजिम बजेट तर्जुमाको काम अगाडि बढ्छ", उहाँले राससँग भन्नुभयो । गत वर्षको अभ्यासअनुसार जाने हो भने सरकारले आउँदो फागुन १५ गतेभित्र आगामी आव २०८२/८३ को बजेटका सिद्धान्त र प्राथमिकता संसद्मा पेस गरिसक्नुपर्ने हुन्छ । त्यसका लागि सरकारलाई कानुनी अड्चन छ । संसद्को हिउँदे अधिवेशन नै कहिलेबाट सुरू हुन्छ भन्ने यकिन नभइसकेको अहिलेको अवस्थामा प्रतिनिधिसभामा विचाराधीन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक चाँडो पारित भएर आउने र सोहीअनुसार सरकारले बजेट बनाउने सम्भावना न्यून छ । सोही कारण संसद्बाट विधेयक फिर्ता लिएर यस वर्ष पनि अध्यादेशकै बाटो अपनाउने विकल्प माथि पनि अर्थ मन्त्रालयले आन्तरिक तयारी गरिरहेको छ । यद्यपि, संसद् चलेको अवस्थामा अध्यादेश ल्याउनुको साँटो विधेयकलाई नै चाँडो पारित गर्न जोडबल गर्न सकिने पनि अर्थ मन्त्रालयका अधिकारीहरू बताउँछन् ।

**संशोधन किन आवश्यक ?**

सङ्घीय सरकारबाट प्रदेश र स्थानीय तहलाई जाने समपूरक र विशेष शीर्षकको अनुदान वैज्ञानिक, वस्तुनिष्ठ र समतामूलक हुन नसकेको भन्दै लामो समयदेखि आलोचना भइरहेको थियो । यही विषयलाई सम्बोधन गर्न गत कात्तिक अन्तिम साता बसेको एनडेक बैठकले समपूरक अनुदानसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ र विशेष अनुदानसम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ संशोधनका लागि मस्यौदा तयार पार्न राष्ट्रिय योजना आयोगलाई निर्देशन दिएको थियो । विद्यमान कार्यविधिअनुसार सङ्घीय समपूरक अनुदान पाउने योजना तथा कार्यक्रमका लागि कूल लागतको ५० प्रतिशत सम्बन्धित स्थानीय तह वा प्रदेशले व्यहोर्छ भने ५० प्रतिशत रकम सङ्घीय सरकारले उपलब्ध गराउँछ । तर राजस्वका आन्तरिक स्रोत नभएका, आर्थिकरूपमा कमजोर तथा दुर्गमका स्थानीय तहले ५० प्रतिशत लागत पनि व्यहोर्न सक्ने क्षमता हुन्थेन । आधा लागत सम्बन्धित स्थानीय तह वा प्रदेशले व्यहोर्नुपर्ने भएपछि उनीहरू आफ्नो स्रोत अभावमा योजना तथा कार्यक्रम प्रस्ताव नै गर्न नसक्ने अवस्था हुन्थ्यो । जसकारण स्रोतको समन्यायिक वितरणका लागि लागत साझेदारी घटाएर कम गर्नेगरी कार्यविधि संशोधन प्रक्रिया अघि बढेको थियो ।

संसद्मा विचाराधीन रहेको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक, २०८१ मार्फत मुख्यगरी बजेट क्यालेण्डर संशोधन गर्न लागिएको छ । आर्थिककार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ऐनको दफा ११ (१) मा प्रत्येक आवको लागि विनियोजन विधेयक पेस गर्नुभन्दा कम्तीमा १५ दिन अगावै अर्थमन्त्रीले विनियोजन विधेयकमा समावेश हुने सरकारका बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण सङ्घीय संसद्मा प्रस्तुत गरिसक्नुपर्ने व्यवस्था रहेको थियो । यो व्यवस्थालाई विधेयकमार्फत संशोधन गरी 'विनियोजन विधेयक ल्याइनुभन्दा तीन महिनाअगावै बजेटका सिद्धान्त र प्राथमिकतामा संसद्मा पेस गरिनुपर्ने' व्यवस्था ल्याउन लागिएको छ । त्यस्तै, बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता माथि संसद्मा छलफल भएर एक महिनाभित्र सरकारलाई सुझाव जाने व्यवस्था विधेयकमा राखिएको छ । विद्यमान ऐनअनुसार बजेटका सिद्धान्त तथा प्राथमिकता संसद्मा प्रस्तुत भएको सात दिनभित्र सांसदहरूले सुझाव सरकारलाई दिइसक्नुपर्ने हुन्छ ।

विधेयकमार्फत आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा ७ मा संशोधन प्रस्ताव गरिएको छ । ऐनको उक्त दफामा स्रोतको अनुमान र खर्चको सीमा निर्धारण गर्ने (सिलिङ) सम्बन्धी व्यवस्था रहेको छ । दफा ७ (१) मा योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आवको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालु आवको माघ १५ गतेभित्र गरिसक्नुपर्नेछ भनी व्यवस्था रहेको छ । विधेयकमा उक्त व्यवस्थालाई संशोधन गरी माघ मसान्तसम्म गरिसक्नुपर्ने व्यवस्था राखिएको छ ।

त्यस्तै, ऐनको दफा ८ (१) मा पनि संशोधन गर्न लागिएको छ । उक्त दफामा योजना आयोगले स्रोत अनुमान समितिबाट निर्धारित स्रोत तथा खर्चको सीमाको अधिनमा रही आगामी तीन वर्षको बजेट तर्जुमाका लागि बजेट सीमा, मध्यमकालीन खर्च संरचनाको खाकासमेत उल्लेख गरी बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तथा ढाँचा चालु आवको माघ मसान्तभित्र सम्बन्धित मन्त्रालय, आयोग, सचिवालय वा निकायमा पठाइसक्नुपर्नेछ भनी व्यवस्था छ । तर, विधेयकले यो व्यवस्थामा संशोधन गरी स्रोत समितिले बजेट सिलिङ र मध्यमकालीन खर्च संरचनासम्बन्धी विवरण फागुन ७ गतेभित्र सम्बन्धित मन्त्रालयमा पठाइसक्न भनिएको छ ।

त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा ६५ मा उल्लेखित नियम, कार्यविधि वा निर्देशिका बनाउने अधिकारमा पनि संशोधन गर्न लागिएको छ । ऐनको दफा ६५ (२) मा महालेखा नियन्त्रक कार्यालयले प्राविधिक मार्गदर्शन, कार्यविधि निर्देशिका तथा दिग्दर्शन बनाउन सक्नेछ भनी व्यवस्था रहेकोमा त्यसलाई संशोधन गरी अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयले उक्त काम गर्नुपर्ने व्यवस्था ल्याउन लागिएको छ ।

# किसानलाई कुनै मौसममा आराम हुँदैन !

महोत्तरी, १३ पुस (रासस) ।

करिब मध्य पुसको चिसो सिरेटोले मुटु कमाउने जाडो छ । यसै बेला महोत्तरीका किसानलाई काम भ्याइनभ्याइ छ । चिनी मिल (उद्योग) सञ्चालनमा आएसँगै उखु काट्ने, बयलगाडा र ट्याक्टरमा लोड गरेर मिल गेट पुर्याउने चटारो छ । यस्तै खुट्टी उखु (दोस्रो वर्षको बाली) काटेर गहुँ र अन्य हिउँदे बाली लगाउने समय घर्कंदै छ । यसै बेला वैशाखी मौसमी तरकारी रोप्ने र तयार तरकारी पालोमा टिपेर बजार पुर्याउने धपेडी छ । एकपछि अर्को कामले पुसको जाडो भन्न नपाइएको किसान बताउँछन् ।

अहिले किसानलाई सबैभन्दा बढी धपेडी खुट्टी उखु भएको खेत खाली गरेर बाली लगाउन पर्ने काममा छ । "भनेको बेला उखु कटानको चलान चिनी मिलले दिँदैन, खेत खाली गरेर खनजोत गरी समयभित्र बाली नलगाए छ महिना खेत बाँझै बस्छ", बर्दिबास-९ पशुपतिनगरका किसान रामविनोद महतो भन्नुहुन्छ, "सबैभन्दा बितेको खुट्टी उखुको खेतमा गहुँ छर्नु छ ।" ढिलोमा पुसको तेस्रो साताभित्र गहुँ छरी सक्नुपर्ने हुँदा यसले छोपेको महतोको भनाइ छ । यसैगरी वैशाखी मौसमी तरकारी पनि पुसभरिमा रोपी सक्नुपर्ने उहाँले बताउनुभयो ।

हिउँदे तरकारी पालोमा टिपेर बजार पुर्याउन एक दिन ढिलो हुँदा बुढिने, कक्रिने हुन्छ । मुखको बाली जाडो भनेर हात बाँधे बेहात हुने भङ्गाहा-४ रामनगरका किसान शुभनारायण ठाकुर बताउनुहुन्छ । "हामीले जाडो भगाउने नै खेतीका काममा दलिएर हो", ठाकुर भन्नुहुन्छ । छिप्पिदो जाडो र खेतीको धमाधमकै बेला अब तिलासकायत (माघेसङ्क्रान्ति) पर्व नजिकिँदा घरका गृहिणी त्यसको मेसोमा लाग्न थालेका छन् । यस पर्वका परिकार तिल, चिउरा, जुनेलो र मुरीका लाई (सखरमा मुछेर बनाइने लडडु) हुँदा गृहिणी मुरीको धान छुटयाउने, उसिन्ने र चामल बनाउने तयारीमा लागेका छन् । यसैगरी गृहिणीका लागि पर्वका तिला चुट्ने, निफन्ने, फल्ने (पानीमा भिजाएर कल्ला फाल्ने) र घाममा सुकाउने काम सँगसँगै छ ।

पर्वमा चिउरा, मुरी र तिलका 'लाई' (लडडु) बनाउन चाहिने सखरको जोहोका लागि कतिपय किसान आफैँ धमाधम उखु पेलेर सखर पकाउन थालेका छन् । आफ्नो घरको पर्व सामग्रीको जोहो पनि हुने र यी सामग्रीले अहिले राम्रो भाउ पाउने भएपछि किसान जाडो नभनी काममा जुटेका हुन् । तिलासकायत पर्व किसानका लागि आर्जनको अवसर पनि भएको हुँदा यस पर्वका आवश्यक उत्पादित फसलले राम्रो भाउ पाउँछन् । पर्वमा तिला, सखर, सखरखण्ड (सुठुनी), तरूल, मास, पिडालुसहितका उत्पादित फसल प्रयोगमा आउनेहुँदा यस्ता फसल लगाएका किसान यी बस्तु बेचेर रकम आर्जनको ताकमा छन् ।

पर्व लक्षित सखर बनाउने र तिला चुट्ने निफन्ने कामले छोपे पनि सखरखण्ड, पिडालु र तरूलसहितका कन्दमूल खन्ने र बजार लाने कामभने पुस २५ पछि नै गरिने किसान बताउँछन् । जति जाडो छिप्पिँदै जान्छ त्यति कामले थिच्दै जानेहुँदा किसानले लगलगी मुटु कमाउने जाडोमा पनि आराम नपाउने भङ्गाहा-४ पलारका ८० वर्षीय चौठी बाँतर बताउनुहुन्छ । हिउँदे बाली समेट्ने र लगाउने दुबै ताकको बेला परेको हुँदा अहिले कामैकामको चटारोभित्र आफूहरू रहेको बाँतरको भनाइ छ ।

"चिसो सिरेटो बहेको बह्यै छ, बिहान हुस्सुले डम्म ढाक्छ, जाडो त छ नि ! तर खेतीपातीका कामले समय थामी दिँदैन, बर्दिबास-७ मनहरिपुरका ७० वर्षीय किसान बिन्देश्वर यादव भन्नुहुन्छ, "अहिले जाडो मानेर काममा नगए जहान परिवारको मुखमा माड लाग्दैन ।" अहिले उखु पेलेर मिठ्ठा (सखर) बनाउन ठूलो भट्टी चुलोमा खुदो उमाली रहनुभएका यादवले उखु फसलबाट वर्षभरिको खाने अन्नको जोहो गर्नुपर्दा अहिले मिठ्ठाले राम्रो भाउ पाउने बेला जाडो नभनी काममा लाग्नु परेको बताउनुभयो ।

"वर्षभरि केही महिनाको अन्तरमा फरकफरक मौसम हुन्छन्, कहिले जाडो, कहिले गर्मी र कहिले वर्षा, सबै मौसममा खेतीका आआफ्ना तुक (समय) हुन्छन्", बर्दिबास-६ प्रेमनगरका ७५ वर्षीय किसान रामउद्गार महतो भन्नुहुन्छ, "किसानका लागि कुनै मौसम आरामका हुँदैनन्, मौसमअनुसारका खेतीमा राम्रो उत्पादन लिनु हाम्रो सफलता हुन्छ ।" त्यसैले मध्य पुसताकाको लगलगी मुटु कमाउने जाडोमा पनि किसान खेतीका कामको तुकमै जोतिनुपरेको महतो बताउनुहुन्छ ।

# 'अनलाइनमार्फत गरिने अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्न नहुने'

काठमाडौं, १३ पुस (रासस) ।

अनलाइनमार्फत गरिने अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुने गरी ऐन बनाउन नहुनेमा सरोकारवालाले जोड दिएका छन् ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले तयार पारेको 'सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'को मस्यौदा माथि टिप्पणी गर्दै अधिकारकर्मीले विधेयकमा सामाजिक सञ्जालको प्रयोगकर्ताको सबलीकरण भन्दा भय सिर्जना गर्ने प्रावधान समावेश भएको बताएका हुन् । कानुन व्यवसायी तथा सञ्चारकर्मी लगायतले विधेयकको मस्यौदामा प्रयोगकर्ताको अधिकार प्रवर्द्धन र संरक्षणमा ध्यान नदिएको टिप्पणी गरे ।

संयुक्त राष्ट्र सङ्घीय शैक्षिक वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को) काठमाडौं कार्यालय र फ्रिडम फोरमको सहकार्यमा शुक्रबार यहाँ आयोजित उक्त विधेयकको मस्यौदा माथिको अन्तर्क्रियामा फोरमका महासचिव सञ्जीव घिमिरेले मस्यौदा संवैधानिक सीमाभन्दा विस्तारित भएको टिप्पणी गर्नुभयो । उहाँले उक्त विधेयकको मस्यौदाले सामाजिक सञ्जालका 'प्लेटफर्म'भन्दा धेरै प्रयोगकर्तालाई जिम्मेवार तथा जवाफदेही बनाउन केन्द्रित भएको बताउनुभयो । "विधेयक मस्यौदा तजबिजीमा आधारित देखिन्छ, अनलाइन अभिव्यक्ति जोखिममा देखिन्छ", उहाँले भन्नुभयो, "अदालतको अनुमतिविना प्रशासनिक निकायले अनुसन्धानमा प्रयोगकर्ताको विवरण माग्ने र दिने कुरा गोपनियताको हक विपरित छ ।"

अधिकारकर्मीहरूले मस्यौदामा सामाजिक सञ्जालबाट विषयवस्तु हटाउन निर्देशन दिन सक्ने अधिकारले विभागलाई आवश्यकता भन्दा बढी न्यायिक अधिकार दिइएको भन्दै असन्तुष्टि जनाए । चित्त नबुझेमा उपचारका लागि जाने बाटो नदिएको अधिकारकर्मीको भनाइ छ ।

पूर्वन्यायाधीशसमेत रहनुभएका डा श्रीकृष्ण भट्टराईले विधेयक मस्यौदाको परिभाषामा सामाजिक सञ्जालको परिभाषा सच्याउनुपर्ने सुझाव दिनुभयो । उहाँले उक्त विधेयकको मस्यौदामा 'हेट स्पीच', आपराधिक कार्य, आपराधिक मनसाय, 'साइबरस्पेस', 'न्यू मिडिया', 'सेक्सटिङ', 'भिसिङ', 'इलेक्ट्रोनिक डकुमेन्ट', 'शेयर' र 'स्मीसिङ'लगायत बृहत् परिभाषा थप्न सुझाव दिनुभयो । विधेयक मस्यौदामा उल्लेख भएको व्यवस्थाअनुसार काममा दोहोरोपन हुन नदिन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको विभागलाई मात्रै सम्बन्धित संस्था राख्नुपर्ने बताउनुभयो ।

उहाँले विधेयक मस्यौदाको दफा ११ मा सम्बद्ध निकायमा नेपाली सेनालाई राख्नु आवश्यकता नभएको बताउनुभयो । यस्तै परिच्छेद ४ को दफा १२ मा अनुमति-पत्र प्राप्त व्यक्ति वा सामाजिक सञ्जालको प्रयोगकर्ताले पालना गर्नुपर्ने शर्तसम्बन्धी व्यवस्थामा सामाजिक सञ्जाल प्रयोगकर्ता वाक्यांश नै हटाउन उहाँको सुझाव छ । सामाजिक सञ्जालबाट कुनै साइबार अपराध घटित भइनसकेको अवस्थामा सञ्चालन गर्दाको अवस्थामा कैद गर्नु फौजदारी न्यायको सिद्धान्त विपरीत हुने उहाँको भनाइ छ ।

छलफलमा सहभागी अधिवक्ता एवं सञ्चारकर्मीले संविधान र अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय कानुनी मापदण्डअनुसार विधेयक बन्नुपर्ने धारणा राख्नुभयो ।

आगामी संसदको अधिवेशनमा संसद्मा दर्ता हुन लागेको यस विधेयकको मस्यौदाको परिच्छेद १ मा परिभाषा, परिच्छेद २ को सामाजिक सञ्जाल सञ्चालन अनुमति, परिच्छेद ३ को सामाजिक सञ्जाल व्यवस्थापनसम्बन्धी संस्थागत व्यवस्था र परिच्छेद ४ को अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गनुपर्ने शर्त र परिच्छेद ५ को कसुर र सजायबारे अन्तरक्रियामा टिप्पणी गरिएको थियो ।

सोही कार्यक्रममा नेपाली कांग्रेसको संसदीय दलका सचेतक सुशीला थिङ, प्रतिनिधिसभा सदस्यहरू ईश्वरी घर्तीमगर र लक्ष्मी तिवारीले उक्त विधेयकमाथी बृहत रूपमा छलफल गर्ने प्रतिबद्धता जनाउनुभयो ।

# डा ओम मूर्तिद्वारा सामाजिक सञ्जालको आम्दानी सामाजिक कार्यमै खर्च

काठमाडौं, १३ पुस (रासस) ।

मुटुरोग विशेषज्ञ, लेखक तथा स्वास्थ्य अभियान्ता डा ओम मूर्ति अनिलले सामाजिक सञ्जालबाट भएको आम्दानी सामाजिक कार्यमै खर्च गर्नुभएको छ । उहाँले सामाजिक सञ्जाल युट्युबबाट आएको आम्दानी अनाथ र असाहय बालबालिका तथा वृद्धवृद्धाका निम्ति खर्च गर्नुभएको हो ।

डा ओम मूर्ति अनिल पोड्कास्टमार्फत् युट्युबमा स्वास्थ्य र समसामयिक विषयमा उहाँले जनचेतनामूलक प्रस्तुति दिँदै आउनुभएको छ । उक्त युट्युब च्यानल मोनिटाइजेसन भई प्राप्त भएको पहिलो आम्दानीलाई डा ओम मूर्तिले बूढानीलकण्ठ नगरपालिका-४ स्थित चन्डेश्वरी मन्दिर नजिक रहेको पवित्र समाज सेवा नेपालमा आश्रित बालबालिका र वृद्धवृद्धालाई न्यानो कपडा र खाद्यान्न सहयोगमा खर्चिनु भएको छ । उहाँले भन्नुभयो, "मैले सामाजिक सञ्जालको आम्दानी सामाजिक कर्ममै खर्च गरेको हुँ । आगामी दिनमा अन्यत्र पनि आवश्यकताअनुसार सहयोग गर्दै जानेछु ।"

संस्थामा १३ महिनादेखि २०

बाँकी अन्तिम पृष्ठमा

# विश्व समाचार

## भारतीय पूर्व प्रधानमन्त्री सिंहको राजकीय सम्मानसहित निगमबोध घाटमा अन्त्येष्टि

नयाँदिल्ली, १३ पुस (रासस/एएफपी) ।

पूर्वप्रधानमन्त्री मनमोहन सिंहको शनिबार दिल्लीको कश्मीरी गेटस्थित निगमबोध घाटमा राजकीय सम्मानका साथ अन्त्येष्टि गरिएको छ । उहाँको अन्त्येष्टि परिवार, साथीभाइ, सहकर्मी र सरकारी विशिष्ट व्यक्तिको उपस्थितिमा भएको थियो । उहाँप्रति सम्मान व्यक्त गर्न सागर पुगेका राष्ट्रपति द्रौपदी मुर्मु, प्रधानमन्त्री नरेन्द्र मोदी, केन्द्रीय गृहमन्त्री अमित शाह र रक्षामन्त्री राजनाथ सिंहले उहाँको पार्थिव शरीरमा माल्यार्पण गरी श्रद्धाञ्जलि अर्पण गर्नुभएको थियो ।

शिख रीतिरिवाजअनुसार सिंहको अन्त्येष्टि गरिएको हो । काङ्ग्रेस अध्यक्ष मल्लिकार्जुन खड्गे, सोनिया गान्धी, राहुल गान्धीले पनि आफ्ना पूर्व नेता र पूर्व प्रधानमन्त्रीप्रति श्रद्धाञ्जलि सभा तथा अन्तिम संस्कारको कार्यक्रममा सहभागी हुनुभएको थियो । पूर्वप्रधानमन्त्री सिंहको पार्थिव शरीरलाई शनिबार बिहान उहाँको निवासबाट श्रद्धाञ्जलिका लागि दिल्लीस्थित अल इन्डिया कङ्ग्रेस कमिटी (एआईसीसी) को मुख्यालयमा ल्याइएको थियो । दिल्लीस्थित पूर्व प्रधानमन्त्रीको निवासबाहिर पनि श्रद्धाञ्जलि अर्पण गर्न कैयौं मानिस भेला भएका थिए ।

यसअघि शुक्रबार मन्त्रिपरिषद्को बैठकपछि गृहमन्त्री अमित शाहले काङ्ग्रेस अध्यक्ष खड्गे र स्वर्गीय सिंहको परिवारलाई सरकारले स्मारकका लागि ठाउँ छुट्याइने जानकारी गराउनुभएको थियो । उहाँले लामो समय भारतीय राजनीतिमा सक्रिय हुनुभएको थियो । विशेष गरी आर्थिक सङ्कटको समयमा स्थिर नेतृत्व र भारतको अर्थव्यवस्थाको आधुनिकीकरणमा उहाँको योगदानको लागि उहाँलाई सम्झना गरिन्छ ।

## टिकटकमाथि प्रतिबन्ध लगाउने कानुन अघि नबढाउन अदालतलाई ट्रम्पको आग्रह

वासिङ्टन, १३ पुस (रासस/एएफपी) ।

अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो जनवरी २० को सपथअघि टिकटक लाई चिनियाँ मालिक बाइटडान्सले बिक्री नगरे प्रतिबन्ध लगाउने कानुन रोक्न सर्वोच्च अदालतलाई आग्रह गर्दै शुक्रबार एक संक्षिप्त निवेदन दर्ता गर्नुभएको छ । ट्रम्पको कानुनी टोलीले लेखेको छ, "यस मुद्दाको नवीनता र कठिनाइलाई ध्यानमा राख्दै, अदालतले यी मुद्दाहरूलाई सम्बोधन गर्न थप समय प्रदान गर्न हालको वैधानिक समयसीमालाई स्थगन गर्ने विचार गर्नुपर्छ ।"

ट्रम्पले सन् २०१७/०२१ को पहिलो कार्यकालमा टिकटकको चर्को विरोध गर्नुभएको थियो र राष्ट्रिय सुरक्षाको कारण देखाउँदै भिडियो एपमाथि प्रतिबन्ध लगाउने असफल प्रयास गर्नुभएको थियो । चिनियाँ सरकारले अमेरिकी टिकटक प्रयोगकर्ताको तथ्याङ्क चोर्न सक्ने वा प्लेटफर्ममा जे देखिन्छ त्यसमा हेरफेर गर्न सक्ने भन्दै रिपब्लिकनले चिन्ता व्यक्त गर्दै प्लेटफर्ममाथि प्रतिबन्ध लगाउन माग माग गरेको थियो । अन्य अमेरिकी अधिकारीहरूले पनि युवाहरूमाझ भिडियो शेयरिङ एपको लोकप्रियतामा चिन्ता व्यक्त गरेका थिए र यसको मूल कम्पनी चीनको अधीनमा रहेको र एपको प्रयोग प्रोपोगान्डा फैलाउनका लागि गरिएको आरोप लगाएका थिए ।

ट्रम्पले बिक्री मूल्यमा सरकारको साझेदारीको साथ एक अमेरिकी कम्पनीलाई टिकटक खरिद गर्न प्रस्ताव गर्नुभएको छ । समयक्रमसँगै, ट्रम्पको टिकटकप्रतिको धारणालाई पछ्याउँदै वर्तमान राष्ट्रपति जो बाइडेन एक चरण अगाडि बढ्नुभएको छ । उहाँले ट्रम्पले लगाएका समान कारणहरू देखाउँदै एपलाई प्रतिबन्ध लगाउने कानूनमा हस्ताक्षर गर्नुभएको छ तर, अहिले ट्रम्पले आफ्नो बाटो परिवर्तन गर्नुभएको छ । ब्लुमवर्गसँगको कुराकानीमा उहाँले भन्नुभएको छ, "अहिले मेरो टिकटकबारे धारणा फरक बनेको छ । म टिकटकको पक्षमा छु किनकि हामीलाई प्रतिस्पर्धाको आवश्यकता छ । उहाँले भन्नुभयो, "यदि हामीसँग टिकटक छैन भने यसको विकल्पमा जुकरबर्गको फेसबुक र इन्स्टाग्राम हुनेछ । यसको एकाधिकारले सामाजिक सञ्जालमा प्रतिस्पर्धाको वातावरण रहने छैन ।"

मार्क जुकरबर्गले स्थापना गरेको फेसबुक र मेटा सामाजिक साम्राज्यको एक हिस्सा हो । फेसबुकले सन् २०२१ जनवरी ६ मा अमेरिकी संसद्मा ट्रम्पका समर्थकहरूले आक्रमण गरेपछि ट्रम्पमाथि प्रतिबन्ध लगाएको थियो । यो प्रतिबन्ध ट्रम्पले थप हिंसालाई बढावा दिनको लागि प्लेटफर्मको उपयोग गर्ने चिन्ता को कारण प्रेरित रहेको दाबी मेटाको थियो । ट्रम्पमाथि सामाजिक सञ्जाल प्लेटफर्ममा लगाइएको प्रतिबन्ध पछि हटाइएको थियो ।

## अमेरिका : आप्रवासी संकटका कारण सन् २०२४ मा घरबारविहीनको सङ्ख्या उच्च

न्युयोर्क, १३ पुस (रासस/सिन्ह्वा) ।

संयुक्त राज्य अमेरिकामा घरबार विहीनता उच्च स्तरमा पुगेको जो बाइडन प्रशासनको एक नयाँ रिपोर्टले देखाएको छ। देशमा करिब २० वर्षअघि सङ्घीय सरकारले यस विषयमा रेकर्ड राख्न सुरु गरेको थियो । सन् २०२४ को जनवरीमा एकै रातमा करिब सात लाख ७२ हजार मानिस घरबारविहीन भएका थिए, जुन अघिल्लो वर्षको तुलनामा १८ प्रतिशतले बढी हो । ब्लुमबर्ग न्यूजले शुक्रबार सरकारी प्रतिवेदनलाई उद्धृत गर्दै भनेको छ, "यो सङ्ख्या सन् २०२३ को तुलनामा ३९ प्रतिशतले वृद्धि भएको र यसमध्ये ८० हजारभन्दा बढी बालबालिका भएका परिवार रहेका छन् ।

जनवरीमा न्युयोर्क शहर, डेनभर, सिकागो र अन्य शहरहरूमा आप्रवासीहरूको आगमनले आश्रय प्रणालीलाई सङ्कटमा पार्दा पारिवारिक बेघर वा आश्रयविहीन जनसङ्ख्याको यो वृद्धि, लगभग ७ प्रतिशतले बढेको छ । सीमामा कमजोर सुरक्षाको कारण आप्रबासीहरूको प्रवेश बढेको र यसरी आएका आप्रवासी दक्ष र यसका कारण उनीहरू बेरोजगार बन्ने र घरबारविहीन हुने क्रम बढ्ने गरेको छ । यसबाहेक दुर्व्यसनीका कारण पनि अमेरिकीहरूले आफ्नो आश्रयस्थल गुमाउँदा घरबारविहीन बनने गरेका रिपोर्टमा उल्लेख गरिएको छ । ह्वाइट हाउस र अमेरिकी आवास तथा शहरी विकास विभागका अधिकारीहरूका अनुसार बाइडेनले शरणको दाबीमाथि कडा कदम चालेपछि गत जुनदेखि नै यो सङ्कट कम भएको जनाएका छन् । अधिकारीहरूले गैरकानुनी रूपमा सीमा पार गर्ने क्रम निकै कम भएको बताएका छन् ।

# मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन निर्माण सम्पन्न : पेट्रोल र मट्टितेल आयात सुरु

बागमती, १३ पुस (रासस)।

भारतको मोतिहारीदेखि बाराको अमलेखगञ्जसम्म पाइपलाइनबाटै पेट्रोलियम पदार्थको आयात गर्न परीक्षण सुरुआत भएको छ।

यसका लागि पेट्रोलियम पाइपलाइन विस्तारको पूरा भएसँगै परीक्षण थालिएको हो। मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइपलाइन विस्तारको सम्पूर्ण काम सकिएको र परीक्षणका लागि पाइपलाइनबाटै पेट्रोल र मट्टितेल आयात गर्न थालिएको नेपाल आयल निगम मधेस प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख प्रलयंकर आचार्यले जानकारी दिनुभयो। "पाइपलाइन परीक्षण गर्न तत्कालका लागि विस्तार गरिएको पाइपलाइनबाटै पेट्रोल पाँच हजार पाँच सय केएल र एक हजार केएल मट्टितेल ल्याएका छौँ", प्रमुख आचार्यले भन्नुभयो, "पाइपलाइनबाट ल्याइएको पेट्रोलियम पदार्थको परीक्षण भइरहेको छ।" यससँगै पाइपलाइनबाटै पेट्रोलियम पदार्थको नियमित आयात गर्नका लागि आवश्यक तयारीसमेत भइरहेको उहाँले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "जनवरी २०२५ देखि पाइपलाइनबाटै पेट्रोलियम पदार्थको नियमित आयात गर्ने भनिए पनि आवश्यक तयारी पूरा नभएकाले केही दिन ढिला हुनेछ।" पाइलाइन विस्तार परियोजनाअन्तर्गत भारतीय आयल निगमले अमलेखगञ्जस्थित डिपोमा चार हजार एक सय किलो लिटर क्षमताका दुई पेट्रोल ट्याङ्क, दुई सय ५० किलोलिटर क्षमताका दुई ट्रान्समिक्स ट्याङ्क, पेट्रोल ढुवानीका लागि २४ पूर्ण स्वचालित लोडिङ वे–रिफिलर), पम्प हाउस र प्रयोगशाला निर्माण गरेको प्रमुख आचार्यले बताउनुभयो।

सोही परियोजनाअन्तर्गत फायर फाइटिङ सिस्टमको स्तरोन्नति, पानी र तेल छुट्याउने ओडब्ल्युएस सिस्टम तथा पिएमसिसी कक्षसमेत निर्माण गरिएको छ। सन् २०२३ भित्र सम्पूर्ण पूर्वाधार निर्माण सम्पन्न गर्नेगरी लिखिता इन्फास्ट्रक्चर प्रालिलाई ठेक्का दिइएको थियो। तर विभिन्न कारणले केही दिनअघिमात्र पाइपलाइन विस्तारको काम सकिएको प्रमुख आचार्यले बताउनुभयो।

यस्तै पेट्रोल र डिजेल दुवै हुनसक्ने मिश्रित इन्धन राख्नका लागि दुई ट्रान्समिक्स ट्याङ्क र डिपोभित्रको सुरक्षाका लागि तीन हजार किलोलिटर क्षमताको फायरवाटर ट्याङ्क भारतीय आयल निगमनले निर्माण गरिदिएको छ।

परियोजनाअन्तर्गत पहिलो चरणको काम सम्पन्न भई गत २०७६ साल भदौ २५ गतेदेखि पाइपलाइनबाट डिजेलको आयात भइरहेको छ। परियोजनाको दोस्रो चरणको सकिएपछि पाइपलाइनबाटै पेट्रोल र मट्टितेलकोसमेत आयात हुने जनाएको छ।

"एउटै पाइपलाइनबाट पेट्रोल र मट्टितेल आयात गर्न सम्भव भए पनि भण्डारण गर्ने क्षमता नहुँदा ट्याङ्करबाटै पेट्रोलियम पदार्थ ल्याउनुपर्ने बाध्यता थियो", प्रमुख आचार्यले भन्नुभयो, "आयोजनाको काम सम्पन्न भएपछि पेट्रोल, डिजेल र मट्टितेल गरी तीनवटै पदार्थको नियमित आयात पाइपलाइनबाटै हुन्छ।"

मोतिहारी–अमलेखगञ्ज पाइपलाइनबाट पेट्रोलियम पदार्थ आयात हुदाँ प्राविधिक नोक्सानी शून्य हुने, ढुवानी भाडासमेत बचत हुने तथा वातावरणीय प्रदूषण कम गर्न सहयोग पुग्ने कार्यालय प्रमुख आचार्यको भनाइ छ।

यो आयोजना निर्माण सम्पन्न भएसँगै अमलेखगञ्ज डिपोमा डिजेलको भण्डारण क्षमता २४ हजार आठ सय ४० किलोलिटर र पेट्रोलको भण्डारण क्षमता १६ हजार छ सय ३० किलोलिटर पुग्नेछ।

# खेल र खेलाडीहरूको विकासमा मधेस प्रदेशले सहयोग गर्छ : मुख्यमन्त्री सिंह

जनकपुर, १३ पुस (रासस)।

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले जनकपुर बोल्टस्का विजयी खेलाडीलाई शुभकामना बधाई दिँदै खेल र खेलाडीहरूको विकास तथा प्रगतिका लागि सरकार सहयोग रहने बताउनुभएको छ।

प्रथम नेपाल प्रिमियम लिग (एनपीएल) मा विजयी जनकपुर बोल्टसका खेलाडीको सम्मानमा शुक्रबार जनकपुरधाममा निकालिएको शोभा यात्राको क्रममा मुख्यमन्त्री सिंहले खेल क्षेत्रको विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभएको हो।

क्रिकेट खेलप्रति आकर्षण बढाउन तथा खेलको दिगो विकासका लागि वातावरण तयार गर्न ट्रफीसहितको खेलाडीलाई सवारी साधनमा पुष्पमाला, अबिर तथा रातो टीका लगाएर सम्मानका साथ जनकपुरधामको नगर परिक्रमा गराएको छ।

जनकपुरधामको रामजानकी अन्तर्राष्ट्रिय रङ्गशालाबाट सुरू भएको शोभा यात्रा जीरो माइल, चानु चोक, पिडारी चोक, रामानन्द चोक हुँदै जानकी मन्दिरमा पुजाआजा गरी समापन भएको थियो।

जिल्ला क्रिकेट सङ्घ धनुषाद्वारा आयोजित सो शोभायात्रामा विभिन्न क्षेत्रका सामाजिक, व्यापारिक, धर्मिक तथा खेलसँग सम्बन्धित खेलाडी र आमजनताको सहभागिता थियो।

एनपिएलको फाइनलमा सुदूरपश्चिमलाई जनकपुर बोल्ट्सले पाँच विकेटले पराजित गरेको थियो। जनकपुर बोल्टसका खेलाडीसहितको ट्रफीलाई मधेस प्रदेशको विभिन्न जिल्लामा शोभायात्रा गराइनेछ।

पुस १३ गते शनिबार जलेश्वर, सर्लाही तथा रौतटह जिल्लामा घुमाइने भएको छ। यसैगरी पुस १४ गते आइतबार बारा तथा पर्सा जिल्ला र १५ गते सोमबार सिरहा तथा सप्तरी जिल्लामा ट्रफीसहित घुमाइने भएको जनकपुर बोल्ट्स टिमले जानकारी दिएको छ।

जनकपुर बोल्ट्सले प्रथम एनपिएल ट्रफी हात परेपछि मधेस प्रदेशका जिल्लाहरूमा खुसीको विशेष लहर देखिएकाले ट्रफीसहित खेलाडीलाई सम्मान गरिएको जिल्ला क्रिकेट सङ्घ धनुषाका अध्यक्ष शोभाकान्त पाण्डेले बताउनुभयो।

# सेवाको गुणस्तरमा ध्यान दिन स्वास्थ्यकर्मीलाई मुख्यमन्त्री सिंहको निर्देशन

सर्लाही, १३ पुस (रासस)।

मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले अस्पतालको सेवा, सुविधा र गुणस्तरमा ध्यान दिन स्वास्थ्यकर्मीलाई निर्देशन दिनुभएको छ।

शुक्रबार प्रादेशिक अस्पताल मलङ्गवाको नवनिर्मित भवन उद्घाटन गर्दै उहाँले स्वास्थ्यकर्मीलाई भगवान् रुपी संज्ञा दिएकाले त्यसैअनुसार काम गर्न आग्रहसमेत गर्नुभयो।

मलङ्गवा प्रादेशिक अस्पतालले हाल प्रदान गरिरहेको नागरिकमैत्री सेवालाई कायम राख्न जस्तोसुकै समस्या पर्दा सहयोग गर्न प्रदेश सरकार तत्पर रहने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो।

प्रदेश सरकारको तीन करोड आठ लाख लागतमा निर्माण सम्पन्न तीनतले अस्पताल भवनको मुख्यमन्त्री सिंह र प्रदेश सरकारका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री शत्रुधनप्रसाद सिंहले संयुक्त रूपमा शुक्रबार उद्घाटन गर्नुभएको थियो।

आर्थिक वर्ष २०७८/७९ देखि निर्माण सुरु भएको उक्त भवन आव २०८०/८१ मा निर्माण सम्पन्न भएको थियो। प्रादेशिक अस्पतालको सुविधा सम्पन्न भवन निर्माण भएसँगै सेवा प्रवाहमा सहजता आउने कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीले बताएका छन्।

## *डा ओम मूर्तिद्वारा ...*

वर्षसम्मका ६० जना बालबालिका र ९५ वर्षसम्मका १५ जना वृद्धवृद्धा आश्रित रहनुभएको छ। आश्रित सदस्यसहित छ जना स्वयमसेवकलाई आवश्यकता अनुसार न्यानो कपडा प्रदान गरिएको थियो। यस्तै विभिन्न खाद्य सामग्री र खेलकुद सामग्रीसमेत वितरण गरिएको थियो।

स्वास्थ्य सेवाबाहेक एक दशकभन्दा लामो समयदेखि स्वास्थ्य र समसामयिक विषयमा जनचेतना जगाउँदै आउनुभएका डा अनिलको फेसबुक पेजमा १४ लाखभन्दा बढी र युट्युबमा ८० हजारभन्दा बढी फलोअर्स रहेका छन्। डा ओम मूर्ति अनिलले स्वास्थ्य सचेतनामा दुई वटा विश्व कीर्तिमानसमेत कायम गर्नुभएको छ। जसअन्तर्गत गिनिज वर्ल्ड रेकर्ड र वर्ल्ड बुक रेकर्ड (लन्डन) रहेका छन्। विश्व मुटु दिवसको अवसरमा मुटुको स्वास्थ्यबारे जनचेतना फैलाउने उद्देश्यले २९ सेप्टेम्बर २०२३ मा डा उहाँले फेसबुक लाइभमार्फत ११ हजार दुई सय १२ जना प्रत्यक्ष दर्शकसँग 'मुटुरोगको स्वास्थ्य जागरूकता लाइभ स्ट्रिम'को लागि सबैभन्दा धेरै दर्शकको विश्व रेकर्ड कायम गर्नु भएको हो।

त्यस्तै सन् २०१४ मा डा अनिललाई 'मुटुरोग रोकथाममा अतिथि वक्ताको रूपमा सबैभन्दा लामो समयको रेडियो अन्तर्वार्ता'का लागि प्रदान गरिएको थियो। इमेज एफएममा ४४ हप्तासम्म लगातार प्रसारण गरिएको अन्तर्वार्ताको शृङ्खलालाई वर्ल्ड बुक रेकर्ड (लन्डन) ले मान्यता प्रदान गरेको थियो।


## जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
राजबिराज–४,सप्तरी

**शिलबन्दी दरभाउपत्र आव्हानको १५ दिने सुचना**

प्रथम पटक प्रकाशित मिति २०८१/०९/१४ गते

यस जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि. ले ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना (REED), आँर्थीक कोरिडोर कार्यालय बर्दिबासको पुरक अनुदान र यस संस्था को लगानीमा संचालित दुग्ध उत्पादन उप–आयोजना कार्यान्वयनका लागी तपशिल बमोजिमका कार्य शिलबन्दी दरभाउ पत्रको माध्यम बाट गराउनु पर्ने भएकोले नेपाल सरकार बाट मान्यता प्राप्त सप्लायर्सहरु /आपुर्ती कर्ताहरु /निर्माण व्यावसायीहरु लाई आ-आफनो स्थाई लेखा नं. तथा मु.अ.करमा दर्ता भएको प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र र कालो सुचिमा नरहेको स्वघोषण पत्र संलग्न राखी निम्न अनुसारको शर्तहरुको अधिनमा रही मिति २०८१/०९/२९ गते दिनको १२ बजे भित्रमा रितपुर्वक शिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ।

**शर्तहरु :–**

(१) ईच्छुक सप्लायर्स/ आपुर्तीकर्ता /निर्माण व्यावसायीले यस संस्थाको उप–आयोजनाको लागी निर्माण कार्य सर्म्वान्धि थप जानकारी यस संस्थाको कार्यालय बाट प्राप्त गर्न सक्नेछ।

(२) ईच्छुक सप्लायर्स/, आपुर्तीकर्ता /निर्माण व्यावसायीले मिति २०८१/०९/२८ गते ४:०० बजे सम्म दरभाउ पत्र (Bid document ) वापतको रु.३०००/– (अक्षरुपी तिन हजार मात्र ) पछी फिर्ता नहुनेगरी बैंकमा जम्मा गरेको भौचर पेश गरी वा सोमै कार्यालयमा नगद जम्मा गरी दरभाउ पत्र लिन सक्नेछ। सार्वजनिक बिदाको दिन भएपनि दर भाउपत्र उपलब्ध गराईनेछ।

(३) ईच्छुक सप्लायर्स/आपुर्तीकर्ता/निर्माण व्यावसायीले शिलबन्दी दरभाउ पत्र पेश गर्दा नेपाल सरकारको नियमानुसार बैंक जमानत रकम (Bid guarantee) को बैंक भौचर वा सोमै नगद रकम यस संस्थाको कार्यालयमा बुझाउनु पर्नेछ।

(४) तोककिएको समय भन्दा पछाडि पेश हुन आएका दरभाउ पत्र मान्य गरिने छैन। मिति २०८१/०९/२९ गते दिनको १ बजे यसै संस्थाको कार्यालयमा संस्थाका पदाधिकारीहरु र सप्लायर्स/ आपुर्तीकर्ता /निर्माण व्यावसायीको तर्फवाट आएका प्रतिनिधीहरुको रोहबरमा पेश भएका दरभाउ पत्र खोलिनेछ। सप्लायर्स/ आपुर्तीकर्ता /निर्माण व्यावसायीको तर्फवाट प्रतिनिधी नआएको खण्डमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन्।

(५) ईच्छुक सप्लायर्स/आपुर्तीकर्ता/निर्माण व्यबसायीले फर्मको उद्देश्य भित्र रही एक वा सो भन्दा बढी ठेक्काको लागी शिलबन्दी दरभाउ पत्र ठेक्का विवरण पेश गर्न सक्नेछन्।

**तपशिल :**

| ठेक्का नं. | खरिद गर्नुपर्ने सामानहरुको विवरण | अनुमानित जम्मा लागत रकम रु. | बैंक जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|
| JBSSL-2081/82-02 | ➢ आधुनिक गोठ संरचना निर्माण (शेड, मिल्क पार्लर,साईलेज पिट र कम्पोस्ट पिट) | १,५०,०९,९५१/७६ | ३,७५,२५०/– | शिलबन्दी दरभाउ पत्र |
| JBSSL-2081/82-03 | ➢ आधुनिक गोठ निर्माण एवं संचालनको लागी आधुनिक उपकरण जडान (Cubical, Dairy Fan , Cow Brush, 1*6 Swing over milking parlor ,Tractor mounted Scrapper,Cow dump pump tractor driven ,Single row maize harvester,water trough ) | | १,२०,८२५/– | शिलबन्दी दरभाउ पत्र |

**बैंक खाताको विवरण :**

नाम : JANAMUKHI BAHUDESHIYA SAHAKARI SANSTHA LIMITED
बैंक : NABIL BANK LIMITED
शाखा : RAJBIRAJ
खाता नं. : 24601017500367

सम्पर्क , संस्थाको कार्यालयको ठेगाना : जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड , राजबिराज–४, नेताचौक , सप्तरी
फोन नं. ०३१५३२८२५ ( कार्यालय ) उप–आयोजना कार्यान्वयन उप–समिति का अध्यक्ष – राजकुमार देव : मो.नं.९८५२८२०५८३


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*